१

११९११

आज मिति २०७४/१२/०८ गते विहान ९:०० बजे राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्दुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त ब.प्रजा

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले

सदस्य : श्री गौरीमायां स्याङ्गतान गौरी

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां वि.क. सुक

सदस्य सचिव : श्री राजु आचार्य

माईन्युट सहयोगी :
ना.सु.राम प्रसाद भट्टराई
लेखापाल देवेन्द्र ब.प्रधान

CamScanner

प्रस्तावहरु

॥२॥

१. डोजर एक्साभेटर जस्ता हेभी ईक्युपमेन्टको दररेट निर्धारण गर्ने सम्बन्धमा ।
२. क्रसर उधोग संचालनमा रोक गर्ने सम्बन्धमा ।
३. बिधालय कक्षा कोठामा मोवाईल चलाउन रोक गर्ने सम्बन्धमा ।
४. बिभिन्न तालिम, गोष्ठी, अनुगमन तथा निरिक्षण जस्ता कार्यक्रमहरुको नर्म्स सम्बन्धमा ।
५. योजना संसोधन गर्ने सम्बन्धमा ।
६. अनुगमन तथा सुपरिवेक्षण समिति पुर्नगठन र उप समिति गठन सम्बन्धमा ।
७. बिभिन्न मितिमा भएको तोक आदेश अनुमोदन सम्बन्धमा ।
८. जग्गा हस्तान्तरण सम्बन्धमा ।
९. प्राविधिक कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा ।
१०. अनधिकृत रुपमा कर संकलन गरेको सम्बन्धमा ।
११. आदिवासी जनजाती लक्षित कार्यक्रमको बजेट बिनियोजन गर्ने सम्बन्धमा ।
१२. खरिद समिति पुर्नगठन सम्बन्धमा ।
१३. न्यायिक समितिको लागि बजेट बिनियोजन गर्ने सम्बन्धमा ।
१४. कन्टीन्जेन्सी रकमको शिर्षकगत रुपमा बांडफांड गर्ने सम्बन्धमा ।

निर्णय नं.१ : यस गाउंपालिका भित्र बिकास निर्माणको कार्यमा प्रयोग गरिने डोजर एक्साभेटर जस्ता हेभी ईक्युपमेन्टको दररेटमा एकरुपता ल्याउनको लागि सम्बन्धित मेशीन धनीहरुको बैठक राखी दररेट निर्धारणमा एकरुपता ल्याउने भनि निर्णय पारित गरियो ।

निर्णय नं.२ : यस गाउंपालिकाको क्षेत्र भित्र IEE/EIA लगायतका वातावरणीय प्रभाव मुल्यांकन र नियमानुसार दर्ता समेत नगरी कुनै कसैलाई क्रसर उधोग संचालन गर्न नदिने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

निर्णय नं.३ : मोवाईल लगायत संचारका अन्य उपकरणहरुको दुरुपयोगको कारण सामाजिक बिकृति फैलि रहेको र बिधार्थीहरुको पठन पाठनमा समेत गंभीर असर पुगेकोले यस गाउंपालिकाको क्षेत्र भित्र रहेको सामुदायीक विधालयहरुमा अध्ययनरत बिधार्थीहरु र शिक्षकहरु समेतलाई अध्यापन अबस्थामा बिधालयको कक्षा कोठा भित्र मोवाईल, फोन लगायतका संचार उपकरणहरु चलाउन पूर्ण रुपमा बन्देज लगाउने निर्णय गरियो ।

निर्णय नं.४ : यस गाउंपालिकाबाट संचालन हुने योजना/कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण, गाउंपालिका स्तरिय बिभिन्न तालिम, अन्तर्क्रिया, गोष्ठी, सेमिनार, सभा, बैठक आदि संचालन गर्दा वा कार्यक्रम संचालन गर्दा देहाय वमोजिमको दररेटको आधार तथा नर्म्स निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल

क.योजना अनुगमन तथा निरिक्षण कार्यक्रम

| सि.नं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | संयोजक भत्ता | प्रति अनुगमन/निरिक्षण कार्यक्रम | २०००/ | |
| २ | सहजकर्ता भत्ता (१ जना) | प्रति अनुगमन/निरिक्षण कार्यक्रम | १५००/ | |
| ३ | अनुगमन सदस्य/सहभागी भत्ता | प्रति अनुगमन/निरिक्षण कार्यक्रम | १०००/ | |
| ४ | सवारी साधन भाडा तथा ईन्धन खर्च | प्रति कार्यक्रम | बील बमोजिम | औचित्य तथा मितव्ययिता समेतको आधारमा |
| ५ | खाजा खर्च | प्रति सहभागी/प्रति दिन | १५०/ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | खाना खर्च | | प्रति सहभागी/प्रति दिन | २५०/ | |
| ७ | मसलन्द खर्च | | प्रति व्यक्ति | १००/ | |
| **ख. योजना तर्जुमा, समिक्षा, बिभिन्न तालिम, गोष्ठी, अभिमुखिकरण, सेमिनार आदि संचालन तथा अन्य बैठक सम्बन्धी कार्यक्रम** | | | | | |
| १ | संयोजक भत्ता | | प्रति कार्यक्रम/ प्रति दिन | २०००/ | |
| २ | सहजकर्ता भत्ता (१ जना) | | प्रति कार्यक्रम/ प्रति दिन | १५००/ | |
| ३ | सहभागी भत्ता | | प्रति कार्यक्रम/ प्रति दिन | १०००/ | |
| ४ | सहायक कर्मचारी भत्ता | | प्रति कार्यक्रम/ प्रति दिन | ८००/ | |
| ५ | सहयोगी कर्मचारी भत्ता | | प्रति कार्यक्रम/ प्रति दिन | ५००/ | |
| ६ | प्रशिक्षक पारिश्रमिक | | प्रति कार्यक्रम/ प्रति व्यक्ति (निम्नानुसारको दररेट) | | |
| ❖ बाह्य | | | | | |
| अ. प्रशिक्षक पारिश्रमिक (अधिकृत स्तर) | | कार्यपत्र/Handsout बापत (कम्तिमा ७०० शब्दको हुनु पर्ने) | प्रति सेसन/ प्रति व्यक्ति | १५००/ | तर एउटै कार्यपत्र १ भन्दा वढी सेसनमा प्रस्तुत गर्दा १ पटक मात्र पाईनेछ । |
| | | कक्षा संचालन | प्रति सेसन/ प्रति व्यक्ति | १०००/ | |
| आ. प्रशिक्षक पारिश्रमिक (सहायक स्तर) | | कार्यपत्र/Handsout बापत (कम्तिमा ७०० शब्दको हुनु पर्ने) | प्रति सेसन/ प्रति व्यक्ति | ८००/ | तर एउटै कार्यपत्र १ भन्दा वढी सेसनमा प्रस्तुत गर्दा १ पटक मात्र पाईनेछ । |
| | | कक्षा संचालन | प्रति सेसन/ प्रति व्यक्ति | ७००/ | |
| ❖ आन्तरिक (आन्तरिक प्रस्तुतकर्ता भन्नाले सम्बन्धित निकाय भित्रैका पदाधिकारी/व्यक्ति सम्झनु पर्छ) | | | | | |
| अ. प्रशिक्षक पारिश्रमिक (अधिकृत स्तर) | | कार्यपत्र/Handsout बापत (कम्तिमा ७०० शब्दको हुनु पर्ने) | प्रति सेसन/ प्रति व्यक्ति | ८००/ | तर एउटै कार्यपत्र १ भन्दा वढी सेसनमा प्रस्तुत गर्दा १ पटक मात्र पाईनेछ । |
| | | कक्षा संचालन | प्रति सेसन/ प्रति व्यक्ति | ७००/ | |
| आ. प्रशिक्षक पारिश्रमिक (सहायक स्तर) | | कार्यपत्र/Handsout बापत (कम्तिमा ७०० शब्दको हुनु पर्ने) | प्रति सेसन/ प्रति व्यक्ति | ५००/ | तर एउटै कार्यपत्र १ भन्दा वढी सेसनमा प्रस्तुत गर्दा १ पटक मात्र पाईनेछ । |
| | | कक्षा संचालन | प्रति सेसन/ प्रति व्यक्ति | ४००/ | |
| ७ | सहभागी मसलन्द सामग्री | | प्रति सहभागी/प्रति कार्यक्रम | १५०/ | |
| ८ | खाना | | प्रति दिन/प्रति व्यक्ति/प्रति छाक | २५०/ | |
| ९ | खाजा | | प्रति दिन/प्रति व्यक्ति | १५०/ | |
| १० | सभा,गोष्ठी,तालिम,अभिमुखिकरण आदि कार्यक्रमको लागि सामग्री | | प्रति दिन/प्रति कार्यक्रम | ३०००/ | |
| ११ | टिप्पणीकर्ता पारिश्रमिक | | प्रति कार्यक्रम/प्रति व्यक्ति | २०००/ | |
| १२ | प्रस्ताव तथा प्रतिवेदन लेखन (कार्यशाला,गोष्ठी,कार्यक्रम तथा सभा संचालन,अनुगमन आदि) | | निम्नानुसारको दररेटमा उपलब्ध गराईनेछ । | | |
| | अ. २ दिन सम्मको कार्यक्रमको लागि | | प्रति कार्यक्रम/ प्रति व्यक्ति | २०००/ | |
| | आ. २ दिन भन्दा वढीको कार्यक्रमको लागि | | प्रति कार्यक्रम/ प्रति व्यक्ति | ४०००/ | |
| १३ | बिभिन्न बैठक भत्ता (गाउं सभाको | | | १०००/ | पदाधिकारी र |

| | | | | |
|---|---|---|---|---|
| | वैठक वाहेक) | | | सहायक कर्मचारी समेत |
| १४ | अन्य विविध खर्च | प्रति कार्यक्रम | बील बमोजिम | औचित्य तथा मितव्ययिता समेतको आधारमा |

**ग. अतिरिक्त समय काम गरे बापतको भत्ता दर**

| सि.नं. | तह | अवधि | इकाई | दर |
|---|---|---|---|---|
| १ | अधिकृत स्तर | ४ घण्टा भन्दा बढी | दुई सिफ्ट | खाईपाई आएको एक दिनको तलब बराबरको रकम |
| २ | सहायक स्तर (तेश्रो,चौथो र पांचौ तह) | ४ घण्टा भन्दा बढी | दुई सिफ्ट | खाईपाई आएको एक दिनको तलब बराबरको रकम |
| ३ | कार्यालय सहायक | ४ घण्टा भन्दा बढी | दुई सिफ्ट | खाईपाई आएको एक दिनको तलब बराबरको रकम |

<u>निर्णय नं.५</u> : यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलको योजनाहरुको लागि तपसिल बमोजिमको बजेट विनियोजन भएकोमा सो योजना संसोधन गर्न आवश्यक भएकोले संसोधन गरी पाउनको लागि उपभोक्ता समितिको निर्णय साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पेश हुन आएकोले सो योजनाहरु संसोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | स्वीकृत भएको योजनाको नाम | संसोधन गर्नु पर्ने योजनाको नाम | संसोधन गर्नु पर्ने कारण | विनियोजित बजेट | शिर्षक |
|---|---|---|---|---|---|
| १ | गार्खा पंजनी कृषि सडक योजना, राक्सिराङ्ग ४ | ढुंगु पंजनी सडक निर्माणयोजना, राक्सिराङ्ग ४ | धेरै कडा चट्टान पर्ने र बजेट समेत बढी लाग्ने भएकोले | १०,००,००० | सडक पूर्वाधार |
| २ | विधुत विस्तार योजना (झिमिनी जिर्खेडाडां), राक्सिराङ्ग ५ | विधुत विस्तार योजना (निगुरेटार जिर्खेडाडां), राक्सिराङ्ग ५ | कार्यान्वियन स्थल फरक परेकोले | ३,५०,००० | विधुत तथा उर्जा |
| ३ | विधुत विस्तार योजना (झिमिनी जिर्खेडाडां), राक्सिराङ्ग ५ | विधुत विस्तार योजना (रावाङ्ग झिमिनी), राक्सिराङ्ग ५ | कार्यान्वियन स्थल फरक परेकोले | ३,५०,००० | विधुत तथा उर्जा |
| ४ | ट्रान्सफर्मर फलामे पोल प्याङ्चे चैनपुर, राक्सिराङ्ग ५ | फलामे पोल खरिद एवं जडान गर्ने (ढुवानी समेत),राक्सिराङ्ग ५ | काठे पोल पुरानो भै मक्किई सकेकोले फलामे पोल आवश्यक भएको | ४,५०,००० | विधुत तथा उर्जा |
| ५ | जम्वोखोला सिंचाई योजना,राक्सिराङ्ग ९ | चैनपुर [illegible] ~~[illegible]~~ प्लष्टिक सेट मर्मत योजना, राक्सिराङ्ग ९ | सिंचाई योजना सम्पन्न गर्न बजेट नपुग भै अधुरो हुने भएकोले | ६,००,००० | सिंचाई कार्यक्रम |
| ६. | हात्तीखोला खानेपानी योजना, राक्सिराङ्ग ८ | ठुलो टोड्के सानो टोड्के तर्सिकोट सडक योजना, राक्सिराङ्ग ८ | खानेपानीको मुहान नभएको र बस्ती भन्दा मुहान तल परेको कारणले | ३,००,००० | खानेपानी तथा सरसफाई |
| ७ | राक्सिराङ्ग सामुदायीक स्वास्थ्य सेवा ईकाईमा शौचालय र खानेपानी, राक्सिराङ्ग ४ | स्वास्थ्य चौकी मर्मत, राक्सिराङ्ग ४ | बजेट नपुग भएको कारण | १,५०,००० | स्वास्थ्य शिर्षक |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | खर्लिङ्ग सेवुङ्ग दाङ्कलिङ्ग वेसीटोल पेल्ट्रिक सेट निर्माण मर्मत, राक्सिराङ्ग ७ | बेसीटोल सौर्य उर्जा जडान योजना, राक्सिराङ्ग ७ | पेल्ट्रिक सेट निर्माण र मर्मत गर्न बजेट नपुग हुने र समय अभावले समयमा नै काम सम्पन्न गर्न नसकिने भएकोले | २,००,००० | विधुत तथा उर्जा |
| ९ | " " " | " " " | " " " | ३,००,००० | " " " (थप बजेट) |
| | सि.नं.८ र ९ को जम्मा बजेट रु.५,००,०००/बाट बेसीटोल सौर्य उर्जा जडान योजना, राक्सिराङ्ग ७ मा योजना संचालन गर्न संसोधन गर्ने । | | | | |

**निर्णय नं.६ :** यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत संचालन हुने योजना तथा कार्यक्रमहरुको स्थलगत रुपमा अनुगमन तथा निरिक्षण गर्नको लागि ७ सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन भएकोमा सो समितिका सदस्य श्री सन्त ब.चेपाङ्ग प्रदेश सभा सदस्यमा मनोनित हुनु भएकोले यस गा.पा.सदस्यबाट राजीनामा दिनु भएको र सदस्य सचिव श्री राजु आचार्यको अन्यत्र सरुवा भएकोले सो समिति पुर्नगठन गर्नु पर्ने भएको हुदां तपसिलको पदाधिकारीहरु रहने गरी अनुगमन तथा सुपरिवेक्षण समिति पुर्नगठन गर्ने र सोही समिति मातहतमा रहने गरी उप समिति गठन गरी सो उप समितिलाई रु.१०,००,०००/ सम्मका योजनाहरुको अनुगमन गर्नको लागि जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

अनुगमन तथा सुपरिवेक्षण समिति

संयोजक : श्री राजकुमार मल्ल, (अध्यक्ष)
सदस्य : श्री निर्मला हिम्डुङ्ग, (उपाध्यक्ष)
सदस्य : श्री रामकृष्ण प्रजा, (बोर्ड सदस्य)
सदस्य : श्री मैना कुमारी गोले, (बोर्ड सदस्य)
सदस्य : श्री रुपक सुवेदी, (ईन्जिनियर)
सदस्य : श्री राम प्रसाद भट्टराई
सदस्य : श्री देवेन्द्र ब.प्रधान, (योजना शाखा प्रमूख)
सदस्य सचिव : श्री सुकदेव लम्साल, (प्रमुख प्रशासकिय अधिकृत)

अनुगमन तथा सुपरिवेक्षण उप समिति

१.संयोजक: श्री चन्द्र सिंह प्रजा (१ नं.वडा हेर्ने
सदस्य : श्री मैना कुमारी गोले
सदस्य : सम्वन्धित वडाको वडा सचिव
२. संयोजक : श्री रामकृष्ण प्रजा (२ नं.वडा हेर्ने)
सदस्य : श्री मैना कुमारी गोले
सदस्य : सम्वन्धित वडाको वडा सचिव
३. संयोजक : श्री सिंगलाल प्रजा (३ नं.वडा हेर्ने)
सदस्य : श्री कर्ण कुमारी राउत
सदस्य : सम्वन्धित वडाको वडा सचिव
४. संयोजक : श्री रामकुमार वाल्वा थिङ्ग (४ नं.वडा हेर्ने)
सदस्य : श्री छुठु साह
सदस्य : सम्वन्धित वडाको वडा सचिव
५. संयोजक : श्री कुल बहादुर प्रजा (५ नं.वडा हेर्ने)
सदस्य : श्री छुठु साह
सदस्य : सम्वन्धित वडाको वडा सचिव
७.संयोजक : श्री बाबुलाल स्याङ्गतान (७ नं.वडा हेर्ने)
सदस्य : श्री सिमोन बि.क.
सदस्य : सम्बन्धित वडाको वडा सचिव
८. संयोजक : श्री कान्छाराम रुम्बा (८ नं.वडा हेर्ने)
सदस्य : श्री झम्क ब.अर्याल
सदस्य : सम्बन्धित वडाको वडा सचिव
९. संयोजक : श्री सूर्य ब.प्रजा (९ नं.वडा हेर्ने)
सदस्य : श्री झम्क ब.अर्याल
सदस्य : सम्बन्धित वडाको वडा सचिव

६. संयोजक : श्री संजय कोईराला (६ नं.वडा हेर्ने)
सदस्य : श्री छुठु साह
सदस्य : सम्बन्धित वडाको वडा सचिव

**निर्णय नं.७ :** यस गाउंपालिकामा विभिन्न योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि रकम मांग भै आएकोमा पछि कार्यपालिका बोर्डबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट विभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको वैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रम नाम | बजेट | शिर्षक | तोक आदेश मिति |
|---|---|---|---|---|
| १ | चेपाङ्ग सामुदायिक बालविकास केन्द्र भवन निर्माण,राक्सिराङ्ग ५ | रु.२,५०,००० | अन्य योजनाको समपुरक कोष शिर्षक | २०७४/८/२४ |
| २ | जुनियर प्लम्बर र जुनियर वेल्डिङ्ग तालिम संचालन, राक्सिराङ्ग | रु.४,९६,५०० | गरिबी निवारण सम्वन्धी कार्यक्रम | २०७४/९/२० |
| ३ | सिलाई कटाई तालिम संचालन, राक्सिराङ्ग | रु.३,६२,००० | गरिबी निवारण सम्वन्धी कार्यक्रम | २०७४/९/२० |
| ४ | पिप्ले फ्रो.पु.सडक मर्मत संभार, राक्सिराङ्ग ३ | रु.२५,००० | स्थानीय सडक मर्मत सुधार शिर्षक | २०७४/९/२६ |
| ५ | प्राविधिक उपकरण खरिद (गाउंपालिका) | रु.१,१६,८४२ | मेशिन औजार,सवारी साधन खरिद शिर्षक | २०७४/११/... |
| ६ | प्राविधिक उपकरण खरिद (गाउंपालिका) | रु.१,६८,३७० | मेशिन औजार,सवारी साधन खरिद शिर्षक | २०७४/११/... |
| ७ | राक्सिराङ्ग नौमती पंचेबाजा समूह, राक्सिराङ्ग ३ लाई नौमती वाजा संरक्षण तथा सम्बर्द्धन (पोशाक र वाजा खरिद) कार्यक्रम | रु.१,६०,००० | दलित लक्षित कार्यक्रमको सि.नं.७ को दलित उत्थान कार्यक्रम | २०७४/१२/०७ |
| ८ | साविक सरिखेत गाविस स्तरीय महिला सन्जाल समूह, राक्सिराङ्ग गा.पा.१,२,३ लाई अर्न्तराष्ट्रिय नारी दिवशको अवसरमा महिला समूहहरुको हाजिरी जवाफ प्रतियोगीता कार्यक्रम संचालन | रु.१,००,००० | महिला लक्षित कार्यक्रमको महिला सशक्तिकरण कार्यक्रम तथा आय आर्जन कार्यक्रम | २०७४/११/२१ |
| ९ | प्रजा प्रचार प्रसार केन्द्रको भवन मर्मत संभार, राक्सिराङ्ग ५ | रु.४,००,००० | अन्य योजनाको गा.पा. परिसर पुरानो भवन मर्मत संभार र आबास योजना कार्यक्रम | २०७४/११/१३ |
| १० | श्री जनसशक्तिकरण नेपाल,हेटौंडा २ लाई वातावरण प्रदुषण न्युनिकरण,जैविक विविधता संरक्षण तथा जलवायु प्रतिवेदन अनुकुलन कार्यक्रम संचालन | रु.४,५०,००० | वन वातावरण तथा बिपद व्यवस्थापन कार्यक्रमको सि.नं.१ बाट १,५०,०००/ सि.नं.५ बाट ३,००,०००/ | २०७४/११/३० |
| ११ | श्री भर्याङ्गकाली सामुदायीक वन उपभोक्ता समूह,राक्सिराङ्ग ३ सरिखेत पलांसेलाई फाडी सुधार,वृक्षारोपण,नर्सरी व्यवस्थापन लगायतका विभिन्न कार्यक्रमहरु संचालन | रु.३,००,००० | वन वातावरण तथा बिपद व्यवस्थापन कार्यक्रमको सि.नं.६ को कार्यक्रम | २०७४/१२/०७ |

CamScanner

| | |
|---|---|
| १२ | गाउंपालिकाको तथ्याङ्क सहितको ५ वर्षे गुरुयोजना तयार गर्नको लागि चालु आ.व.२०७४/७५ को अन्य योजनाको भिलेज प्रोफाईल निर्माण शिर्षकमा रु.६,००,०००/ बजेट विनियोजन भै सो कार्यको लागि सूचना प्रकाशन भएकोमा सबैभन्दा घटी रु.६,९८,३४०/ (भ्याट समेत) को आर्थिक प्रस्ताव पेश हुन आएकोमा सो कार्य गर्न अति आवश्यक भएकोले नपुग भएको रु.९८,३४०/ आ.व.२०७४/७५ को अन्य योजनाको भैपरी योजनाहरु संचालन शिर्षकबाट पछि कार्यपालिका बोर्ड बैठकबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट मिति २०७४/११/१० मा तोक आदेश अनुमोदन गर्ने निर्णय गरीयो । |

**निर्णय नं.८ :** यस गाउंपालिका भित्र प्रजा विकास कार्यक्रमको मातहतमा रहेको साविक वडा नं.८ हाल वडा नं.५ स्थित कि.नं. ........... को ज.रो......./......../......../...... क्षेत्रफलको जग्गा र जिल्ला कृषि विकास कार्यालय,मकवानपुरको मातहतमा यस गाउंपालिकाको वडा नं.५ स्थित कि.नं.३७३ को ज.रो.४/०/०/० जग्गा गाउंपालिकाको स्वामित्व र हकभोगमा रहने गरी कायम गर्नको लागि श्री जिल्ला समन्वय समिति, मकवानपुर र जिल्ला कृषि विकास कार्यालय,मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस गाउंपालिका अर्न्तगतका स्वीकृत योजना तथा कार्यक्रमहरु अति दुर्गम स्थानमा रहेको र सवारी साधनको पहुचं बाहिर समेत भएकोले उक्त स्थानहरुको योजनाहरु पैदल नै स्थलगत रुपमा लागत अनुमान तथा मूल्यांकन जस्ता कार्यहरु गर्नु पर्ने भएको हुदां सोको लागि यस कार्यालयमा प्राविधिक जनशक्ति कम भएकोले अर्को व्यवस्था नहुन्जेल सम्मको लागि तत्काल २ (दुई) जना आषाढ मसान्त सम्मको लागि असिस्टेन्ट सव ईन्जिनियर तहको प्राविधिक कर्मचारी भर्ना गर्नको लागि पदपुर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस गाउंपालिका भित्रका सडकहरुमा विभिन्न भाडाका सवारी साधनहरु आवत जावत गर्दै आई रहेकोमा "खराङ्ग देखि सानोभावर वाटो निर्माण उपभोक्ता समिति,राक्सिराङ्ग १" ले गाउंपालिकाको अनुमति विना रकम उठाई रहेको सहयोग रसिद यस गाउंपालिकामा पेश हुन आएकोले अव उप्रान्त यस किसिमवाट अनधिकृत रुपमा रकम नउठाउनको लागि सो समितिलाई जानकारी गराउने र जानकारी पश्चात पनि अटेर गरी रकम उठाएमा कानुन वमोजिम कार्यवाही गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगतको आदिवासी जनजाती लक्षित कार्यक्रम तर्फ विनियोजित रु.२०,००,०००/ वाट तपसिल वमोजिमको कार्यक्रमको लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रम | स्थान | सख्या | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | ३ महिने वेसिक कम्प्युटर तालिम संचालन | राक्सिराङ्ग | २० जना | १,००,००० |
| २ | लोकसेवा तयारी कक्षा संचालन | राक्सिराङ्ग | २० जना | १,७२,००० |
| ३ | सिलाई कटाई तालिम संचालन (मेशीन खरिद समेत) | राक्सिराङ्ग ६ | ३० जना | २,५०,००० |
| ४ | उच्च शिक्षा छात्रवृत्ति वितरण (MBBS र JTA समेतलाई) | राक्सिराङ्ग | २० जना | १,७८,००० |
| ५ | आदिवासी जनजाती भेषभुषा संरक्षण तथा सम्वर्द्धन (पोशाक खरिद) | राक्सिराङ्ग | २ समूह | ५०,००० |
| ६ | धार्मिक स्थल व्यवस्थापन तथा निर्माण गर्ने (पुरातत्व, धार्मिकस्थल पहिचान, (गुम्वा, मन्दिर तथा पाटीपौवा, चर्च समेत) | राक्सिराङ्ग | मांग अनुसार | १,००,००० |
| ७ | एक्साभेटर चालक तालिम संचालन | राक्सिराङ्ग | १० जना | ३,५०,००० |
| ८ | वाख्रापालन तथा खोर व्यवस्थापन कार्यक्रम | राक्सिराङ्ग ६ र ७ | २ समूह | १,००,००० |
| ९ | कार्यक्रम अनुगमन तथा निरिक्षण | राक्सिराङ्ग | | १,००,००० |
| १० | चेपाङ्ग विकास कार्यक्रम | राक्सिराङ्ग | | ६,००,००० |
| | | | जम्मा रु. | २०,००,००० |

॥८॥

**निर्णय नं.१२ :** यस गाउंपालिकाको खरिद समितिका प्रमुख प्रशासकिय अधिकृत श्री राजु आचार्यको संयोजकत्वमा खरिद समिति गठन भएकोमा निजको अन्यत्र सरुवा भएकोले यस कार्यालयमा आउनु भएका प्रमुख प्रशासकिय अधिकृत श्री सुकदेव लम्सालको संयोजकत्वमा तपसिलको खरिद समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : श्री सुकदेव लम्साल, (प्रमुख प्रशासकिय अधिकृत)
सदस्य : श्री रुपक सुवेदी, (ईन्जिनियर)
सदस्य : श्री अर्जुन दाहाल, (लेखा शाखा प्रमुख)
सदस्य : श्री देवेन्द्र व.प्रधान, (योजना शाखा प्रमुख)
सदस्य सचिव : श्री चुननारायण श्रेष्ठ, (जिन्सी शाखा प्रमुख)

**निर्णय नं.१३ :** यस गाउंपालिकामा न्यायिक समिति यथासिघ्र गठन गर्ने र सो समिति संचालन गर्नको लागि आवश्यक पर्ने बजेट चालु आ.व.२०७४/७२ को अन्य योजना कार्यक्रमको भैपरी योजनाहरु संचालन शिर्षकवाट रु.५,००,०००/ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ मा विनियोजन भएको योजना तथा कार्यक्रमहरुवाट कट्टा गरिने ३% कन्टीन्जेन्सी वापत जम्मा हुने रकमवाट तपसिल वमोजिमको शिर्षकहरुमा वजेट विनियोजन गरी नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | २०७४/०७५ को अनुमान | कैफियत |
|---|---|---|---|
| १ | तलव | ३,५०,०००/ | |
| २ | भत्ता कर्मचारी | ६,००,०००/ | |
| ३ | वैठक भत्ता | ४,००,०००/ | |
| ४ | कार्यालय संचालन खर्च | २,००,०००/ | |
| ५ | गाडी भाडा | ८,००,०००/ | |
| ६ | सवारी ईन्धन | ३,५०,०००/ | |
| ७ | सवारी साधन मर्मत संभार | १,००,०००/ | |
| ८ | कार्यक्रम भ्रमण खर्च (पदाधिकारी) | ३,००,०००/ | |
| ९ | कार्यक्रम भ्रमण खर्च (कर्मचारी) | ३,००,०००/ | |
| १० | अनुगमन कार्यक्रम | ४,५०,०००/ | |
| ११ | विविध | १,५०,०००/ | |
| | जम्मा | ४०,००,०००/ | |

आजको वैठक विहान ९:०० बजेवाट शुरु भै दिनको १:०० वजे समापन गरियो ।